annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २१३ पृष्ठ ८ | काठमाडौं, आइतबार २३ मंसिर २०८१ | मार्ग शुक्लपक्ष सप्तमी नेपाल संवत् ११४५ | SUNDAY, DECEMBER 8, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

## कर्णालीमा सडक समृद्धि

# विकासको ढोका खुल्दै, लगानीको अवसर कुर्दै

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

– को रिपोर्ट

समाचार पृष्ठ २

जुम्लादेखि डाँफेको लाग्ना हुँदै रारा जाने सडकमा साइक्लिङ गर्दै पर्यटक। ● बिस्नप्रसाद न्यौपाने

काठमाडौंबाट टाढा, भौगोलिक रूपमा कठिनाइ। त्यसैकारण, कर्णाली सधैं रोग, भोक, दरिद्रता र विपन्नताको तस्बिरले चिनियो। तर, कर्णाली त्यस्तो मात्र छैन, गाउँगाउँ सडक पुगेका छन्। थाप्लोको भारी हट्दै गएका छन्। प्राकृतिक रूपमा सुन्दर र सम्पन्न छ। जडीबुटीको खानी छ। पर्यटनको सम्भावनै सम्भावना बोकेको छ। अभाव छ त- केवल लगानीको मात्रै। त्यसैकारण कर्णाली विकासको पर्खाइमा छ।

| मुलुकभर सडक | कर्णालीमा सडक | कर्णालीमा गुड्ने सवारीसाधन | प्रदेश सरकार गठन भएपछि कालोपत्रे | ग्राभेल सडक | कच्ची सडक | स्तरोन्नति | मोटरेवल पुल |
|---|---|---|---|---|---|---|---|
| ८०,३९७ किमि | ९,६८६ किमि | ३०,३६७ | १५६ किमि | १५६ किमि | २८०० किमि | ४६८ किमि | ३९ |

## महाभियोगबाट जोगिए दक्षिण कोरियाका राष्ट्रपति

**सोल** (एजेन्सी): दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलविरुद्धको महाभियोग प्रस्ताव तत्कालका लागि विफल भएको छ। नेसनल एसेम्बलीमा उक्त विधेयक मतदान प्रक्रियाका लागि अघि बढाउन पर्याप्त संख्या नपुगेकाले महाभियोग प्रक्रिया अघि बढ्न नसक्ने सभामुखले घोषणा गरेसँगै महाभियोग प्रस्तावमाथिको प्रक्रिया रोकिएको हो।

उक्त प्रस्ताव अनुमोदनका लागि २०० मत आवश्यक रहेको थियो। महाभियोग प्रस्तावको पक्ष वा विपक्षमा भएको मतदानमा राष्ट्रपति युनको पिपुल्स पावर पार्टी (पीपीपी)का तीन जना संसद् सदस्यबाहेक अन्यले मतदान बहिस्कार गरेपछि प्रस्ताव विफल भएको हो।

प्रस्ताव पारित हुनका विपक्षी दलका १ सय ९२ सदस्यबाहेक अन्य (सत्तारूढ दलका) ८ सदस्यले प्रस्तावको पक्षमा मतदान गर्नुपर्ने थियो तर प्रस्तावको पक्षमा तीन सांसदले मात्रै मतदान गरेका बताइएको छ। 'सैन्य कानुन' लगाएकोमा माफी मागेका राष्ट्रपति योललाई पदबाट हटाउन माग गर्दै दशौं हजार संसद् भवनबाहिर जम्मा भएका थिए।

## प्रधानमन्त्रीले चीनमा देशका लागि महत्वपूर्ण निर्णय गर्नुभयो : देउवा

**काठमाडौं** (अन्नपूर्ण): नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कांग्रेस र एमाले नेतृत्वको सरकारले राम्रो काम गरिरहेको दाबी गरेका छन्। शनिबार विराटनगरमा नेपाली कांग्रेस कोशीको प्रथम प्रदेश सम्मेलनको उद्घाटन गर्दै सभापति देउवाले राजनैतिक स्थायित्व र सरकारको स्थिरताका लागि नयाँ गठबन्धन बनाइएको बताएका हुन्।



उनले एमालेसँगको सहकार्यप्रति ढुक्क रहन कांग्रेस पंक्तिलाई आग्रह गरे। कांग्रेस-एमाले गठबन्धनलाई २०८४ सालसम्म निरन्तरता दिइने उनको भनाइ थियो। नेपालले कुनै पनि मुलुकसँग ऋण लिन नहुने जिकिर गर्दै देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीले चीन भ्रमणमा कुनै ऋण सम्झौता नगरेको बताए। ओलीले बेल्ट एन्ड रोड इनिसिएटिभ्स (बीआरआई) परियोजनाअन्तर्गत अनुदानमा मात्रै सहमति गरेर आएको सभापति देउवाको दाबी छ।

प्रधानमन्त्री ओलीको प्रशंसा गर्दै देउवाले भने, 'उहाँले चीनसँग ऋण लिएको कुरा गर्नुभएन। हामी ऋणको खिलाफ होइन। तर, विश्व बैंक लगायतसँग ऋण लिएका छौं, अन्य राष्ट्रसँग ऋण लिने नीति छैन, ऋणको भार धेरै हुँदा अप्ठ्यारो पर्न सक्ने भएकाले उहाँले महत्वपूर्ण निर्णय गरेर आउनुभएको छ।' सभापति देउवाले वडा वडामा पार्टीको संगठन निर्माण गर्न कार्यकर्ताहरूलाई निर्देशन दिँदै प्रदेश सम्मेलनबाट आएका सुझाव र मार्गदर्शनहरूलाई केन्द्रीय समितिमा लगेर छलफल गराइने जानकारी गराए।

## पुसभित्रै छिचोलिँदै सिद्धबाबा सुरुङमार्ग

**केशरराज क्षेत्री** | *बुटवल*

सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-पाल्पा सिद्धबाबा सुरुङमार्गको पुसभित्रै 'ब्रेक थ्रु' अर्थात् छिचोलिने भएको छ। सम्झौता अवधिभित्रै निर्माण पूरा गर्ने गरी ठेकेदार कम्पनीले २४सैं घण्टा काम गरिरहेको छ।

मंसिर १५ गतेसम्म सुरुङमार्गको भौतिक प्रगति ३३ दशमलव ५९ प्रतिशत पूरा भएको सुरुङमार्ग परियोजना कार्यालयका सूचना अधिकारी इन्जिनियर सविता ज्ञवालीले जानकारी दिइन्। उनका अनुसार वित्तीय प्रगति ३२ दशमलव २ प्रतिशत छ। 'पुसभित्रै ब्रेक थ्रु गर्ने गरी रातिदन काम भइरहेको छ', ज्ञवालीले भनिन्, 'ब्रेक थ्रु भइसकेपछि पनि कम्तीमा दुई वर्ष काम हुन्छ।' सुरुङमार्गको कुल लम्बाइ १ हजार १ सय २६ मिटर छ। त्यसमध्ये सुरुङ खन्नुपर्ने क्षेत्रफल १ हजार ८९ मिटर हो। हालसम्म ८ सय २४ दशमलव ८१ मिटर खनिएको छ। बाँकी रहेको २ सय ६४ दशमलव १९ मिटर खनेपछि 'ब्रेक थ्रु' हुनेछ।

सुरुङमार्ग निर्माणको ठेक्का 'चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन' ले लिएको छ। ज्ञवालीका अनुसार परियोजनाको कुल लागत ७ अर्ब ३४ करोड २१ लाख रुपैयाँ हो। पाँच वर्षभित्र निर्माण गर्न ०७८ फागुनमा परियोजनाको सम्झौता गरिएको थियो। सुरुङ मार्ग निर्माणका लागि स्विस सरकारले सहयोग गरेको छ। 'सम्झौता अवधिभित्रै काम पुरा हुने देखिएको छ', ज्ञवाली भन्छिन्, '१ सय ५० बढी कर्मचारीले काम गरिरहेका छन्।'

» बाँकी पृष्ठ ६



सुरुङमार्गको भौतिक प्रगति
३३.५९ प्रतिशत

वित्तीय प्रगति
३२.२ प्रतिशत

सुरुङमार्गको लम्बाइ
१,१२६ मिटर

सुरुङ खन्नुपर्ने क्षेत्रफल
१,०८९ मिटर

हालसम्म खनिएको
८२४.८१ मिटर

खन्न बाँकी
२६४.१९ प्रतिशत

कुल लागत
७ अर्ब ३४ करोड

ठेकेदार
चाइना स्टेट कन्स्ट्रक्सन

